# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: ०७६।७७
च.नं.: ८५६

मिति: २०७६/११/१४

सूचना! सूचना!! सूचना !!!

युवा राष्ट्रको मेरुदण्ड भएता पनि लामो समय संक्रमण काल, विदेशिने संस्कृति, आफ्नौ गाउँ घरमा बसी श्रम गर्नेलाई हेला गर्ने र ठगी खानेलाई सम्मान गर्ने हाम्रो परम्पराबादी मनोबृत्ति भएकोले युवाहरु नेपालमा रही उद्यम गर्नेको संख्या ज्यादै न्यून छ । वर्तमान परिप्रेक्ष्यमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको लागि संस्थागत भइरहेको छ । मुलकलाई समृद्ध बाटोमा अगाडि लैजाने हो भने युवाहरुलाई आफ्नै गाउँघरमा बसी उद्यममा संलग्न गराउने वातावरण सिर्जना गुर्नपर्दछ । देवघाट गाउँपालिका प्राकृतिक सम्पदाले भरिपूर्ण, विविध सांस्कृतिक सम्पदा र धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको गाउँपालिका हो । देवघाट गाउँपालिकाको “हाम्रो देवघाट, समृद्ध देवघाट” भन्ने मूल नारालाई साकार पार्नको लागि युवाहरुलाई उद्यमी नै बनाउनु पर्दछ भन्ने ठहर छ तथापी देवघाट गाउँपलिकाको आयोजना र उद्योग बाणिज्य संघ चितवनको सहयोगमा निम्न मिति, स्थान र समयमा उद्यम विकास तालिम संचालन हुने हुदा इच्छुक व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल
मिति: २०७६/१२/०२ देखि २०७६/१२/०४ सम्म
स्थान: देवघाट-५,बाल संजाल भवन
समय: ठीक ११:०० बजे देखि

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक काजजातहरु
१.निवेदन
२. हालसालै खिचेको फोटो २ प्रति
३. नेपाली नागरिकताको प्रतिलिपी १/१ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति
५.अन्य तालिमहरु लिईसकेको भए प्रमाण पत्रका प्रतिलिपी १/१ प्रति

सम्पर्क:
देवघाट गाउँपालिका, उद्योग शाखा ।


फोन: ०५६-५०००६८, ०५६-५०००७२